नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
☎०९१-५२११०१ 🖷०९१-५२२४४६
dao.kailali@gmail.com
daokailali@moha.gov.np
daokailali.moha.gov.np
facebook.com/daokailali/
धनगढी,कैलाली

प.सं. २०७७।०७८
च.नं.

(स्थानीय प्रशासन शाखा)

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धनगढी, कैलाली

मिति २०७७।०६।२२

# सूचना !   सूचना !!   सूचना !!!

कोभिड-१९ संक्रमणको जोखिम यथावतै रहेको परिप्रच्छेमा पनि मिति २०७७।०५।३० गते यस कार्यालयबाट सूचना प्रकाशित गरी कार्यालयबाट प्रवाह हुने सेवाहरुका हकमा स्थानीय तह अनुसार बार प्रणाली अवलम्वन गरी व्यवस्थित गरिएको व्यहोरा विदितै छ। विगतको अनुभवको आधारमा उक्त सेवालाई थप व्यवस्थित गर्दै तपसिलमा उल्लेखित तालिका वमोजिम मिति २०७७।०६।२५ गते देखि अर्को व्यवस्था नभएसम्मका लागि नागरिकता, नावालक परिचयपत्र र संघ संस्था सम्बन्धि कार्य निम्नानुसार हुने र अन्य, राहदानी, हातहतियार दर्ता नविकरण, पत्रपत्रिका र प्रमाणित तथा सिफारिस गर्ने जस्ता सवै प्रकारका सेवाहरु सबै कार्यालय दिन सुचारु रहने गरी थप व्यवस्थित गरि पुन: संशोधित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि आदेशानुसार अनुरोध छ।

**तपसिल**

| सि.नं. | स्थानीय तह | सम्वन्धित वडा | सेवा प्रवाह गरिने वार | कैफियत |
|---|---|---|---|---|
| १ | धनगढी उप न. पा. | वडा नं.१ देखि वडा नं.४ सम्म | शुक्रवार | |
| २ | | वडा नं.५ देखि वडा नं.१० सम्म | सोमवार | |
| ३ | | वडा नं.११ र वडा नं.१४ मात्र | वुधवार | |
| ४ | | वडा नं.१५ देखि वडा नं.१९ सम्म | आईतवार | |
| ५ | गोदावरी न.पा. | वडा नं.१ देखि वडा नं.३ सम्म | आईतवार | |
| ६ | | वडा नं. ४ र वडा नं. ५ मात्र | सोमवार | |
| ७ | | वडा नं.६ देखि वडा नं.९ सम्म | मंगलवार | |
| ८ | | वडा नं.१० देखि वडा नं. १२ सम्म | विहिवार | |
| ९ | कैलारी गा.पा. | वडा नं.१ देखि वडा नं.४ सम्म | मंगलवार | |
| १० | | वडा नं.५ देखि वडा नं. ७ सम्म | विहिवार | |
| ११ | | वडा नं.८ देखि वडा नं.९ सम्म | वुधवार | |
| १२ | चुरे गा.पा. | वडा नं.१ देखि वडा नं.६ सम्म | सवै कार्यालय दिन (शुक्रवार वाहेक) | |

पुनश्च :

- तोकिएको दिन (बार) मिलाएर मात्र सम्बन्धित सेवाग्राही कार्यालयमा प्रवेश गर्नुपर्नेछ।
- कार्यालयको भिडभाड र कोभिड-१९ संक्रमणको अवस्था अनुसार उल्लेखित तालिकामा आवश्यकता अनुसार थपघट र परिमार्जन गर्दै लगिनेछ।
- ईलाका प्रशासन कार्यालय टिकापुर र सुख्खडको क्षेत्राधिकार भित्रका स्थानीय तहका हकमा सम्वन्धित ईलाका प्रशासन कार्यालयले तय गरे वमोजिम हुनेछ। यदि सम्वन्धित ईलाका प्रशासन कार्यालयबाट सेवा प्रदान हुन नसकि यस कार्यालयबाट सेवा दिनु पर्ने अवस्था रहेमा टिकापुर र भजनीको हकमा आईतवार, जानकी र जोशीपुरको हकमा सोमवार, लम्की-चुहा र वर्दगोरियाको हकमा मंगलवार, घोडाघोडी र गौरीगंगा वुधवार मोहन्यालको हकमा विहिवार निम्नानुसार हुने छ।
- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी जनस्वास्थ्य मापदण्ड तथा गृह मन्त्रालयद्वारा जारी सुरक्षा मापदण्ड कडाईका साथ पालना गर्न हुन र मास्क नलगाउने वा जनस्वास्थ्य मापदण्डको उल्लंघन गर्ने व्यक्तिलाई दण्ड जरिवाना तथा कारवाही भई जाने व्यहोरा समेत अनुरोध गरिन्छ।
- कोरोना संक्रमणको वर्तमान अवस्थालाई दृष्टिगत गरी सवाग्राही स्वयंको स्वास्थ्य सुरक्षा समेतका अभिप्रायले जिल्ला स्थित सवै वडा कार्यालयहरुले आवश्यकता र औचित्यका आधारमा मात्र सिफारिश गरी सेवाग्राहीलाई पठाई स्वास्थ्य सुरक्षा सतर्कता मापदण्ड पालना गर्न/गराउन सहयोग गरिदिनु हुन समेत अनुरोध छ।
- यस कार्यालयको परिसरमा रहेको राष्ट्रिय परिचय पत्र ईकाईमा सम्पर्क गरी राष्ट्रिय परिचत्र पत्रका लागी अनिवार्य रुपमा विवरण दर्ता गराउनु हुन अनुरोध गरिन्छ।

७७।६।२२

शिवराज जोशी
प्रशासकीय अधिकृत